VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र असमबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

वर्ष - १९, अंक - १७९ ■ वि.सं. २०७६, भदौ १५ गते ■ गान्तोक, शुक्रवार ३१ अगस्त, २०१८ www.hamroprajashakti.com ■ FRIDAY, 31 AUGUST 2018 , GANGTOK ■ मूल्य ₹ ५/-

### सिलगढ़ी-तराई-डुवर्सका गोर्खाहरूको विकासका लागि

# राज्यले दियो पाँच करोड़

**सिलगढ़ी, ३० अगस्त।** राज्य सरकारले नवगठित सिलगड़ी-तराई-डुवर्स डेभलपमेण्ट एण्ड कल्चरल अथोरिटी (गोर्खा कम्युनिटी)-लाई समतलका गोर्खाहरूको विकास गर्ने उद्देश्यले विविध कार्य गर्नको निम्ति पाँच करोड़ रुपियाँ दिएको छ। राज्य सरकारद्वारा गठित सिलगड़ी-तराई-डुवर्स डेभलपमेण्ट एण्ड कल्चरल अथोरिटी (गोर्खा कम्युनिटी)-मा सरकारद्वारा नै मनोनीत एघार सदस्य छन्। यो नयाँ गोर्खा अथोरिटीको पहिलो बैठक बिहीवार अलिपुरद्वार जिल्लाशासकको कार्यालय डुवर्सकन्यामा भयो।

नवगठित कल्चरल अथोरिटीका चेयरम्यान मोहन शर्माले भने, राज्य सरकारले अथोरिटीको निम्ति प्राथमिक रूपमा पाँच करोड़ रुपियाँ आवण्टित गरेको छ। जलपाइगड़ी र अलिपुरद्वारा जिल्लालगायत सिलगड़ी महकुमा क्षेत्रमा गोर्खाहरूको विकासको निम्ति विविध कार्य प्रशासन मार्फत गर्ने विचार गरिँदैछ। नयाँ गोर्खा अथोरिटी पछ्यौटेवर्ग कल्याण मन्त्रालयको अधीनमा रहेर कार्य गर्नेछ। यसभन्दाअघि राज्य सरकारले सन् २०१५ को फरवरीमा डुवर्स र तराईको निम्ति गोर्खा टास्क फोर्स गठन गरेको थियो। गोर्खा अथोरिटीको गठन गरिएपछि गोर्खा टास्क फोर्स महत्त्वहीन भएको छ। मोहन शर्माले मीडियासँग भने, हामी मात्र केही घरहरूको निर्माण गरेर गोर्खाहरूको विकासलाई सीमित



राख्न चाहँदैनौं, घर निर्माणको निम्ति राज्य सरकारका अन्य विविध परियोजनाहरू छन्, हाम्रो उद्देश्य यस्तो विकास गर्नेछ, जसको फाइदा गोर्खाहरूले सदैव पाइरहुन्। तिनले बताएअनुसार सांस्कृतिक कार्यक्रमहरूको निम्ति प्रत्येक क्षेत्रमा नै गोर्खा कम्युनिटी हलको निर्माण, मेधावी र गरीब विद्यार्थीहरूलाई उच्च शिक्षाको निम्ति आर्थिक सहयोग, संस्कृतिको संरक्षण अनि लुप्तप्राय संस्कृतिको जगेरालगायत विविध योजनाहरूबारे विचार गरिँदैछ। यी सबै कार्यको निम्ति कोषको कमी नहुने तिनले बताए।

स्मरण रहोस्, यसघरी दार्जीलिङ पहाड़मा राज्य सरकारद्वारा गठित विभिन्न जातका सोह्रवटा विकास बोर्डहरू छन्, जसको कार्यको परिधि अब पहाड़मा नै सीमित राख्ने निर्णय राज्य सरकारले लिएको छ। फलस्वरूप मोहन शर्मालाई चेयरम्यान बनाएर गठन गरिएको सिलगड़ी-तराई-डुवर्स डेभलपमेण्ट एण्ड कल्चरल अथोरिटी (गोर्खा कम्युनिटी)-बाट सिलगढ़ी, तराई र डवर्स क्षेत्रमा बसोबासो गर्ने गोर्खाहरूले धेरै कुराको आशा गरिरहेका छन्।

स्मरण रहोस्, राज्य सरकारले गत १३ अगस्त अलिपुरद्वारका तृणमूल कंग्रेस नेता मोहन शर्मालाई चेयरम्यान बनाएर सिलगढ़ी-तराई-डुवर्स क्षेत्रका विकासको निम्ति यो नयाँ सिलगड़ी-तराई-डुवर्स डेभलपमेण्ट एण्ड कल्चरल अथोरिटी (गोर्खा कम्युनिटी) गठनको घोषणा गरेको थियो। भाइस चेयरम्यान पदमा तृणमूल कंग्रेसमा सामेल हुने डुवर्सका मोर्चा नेता सन्दीप छेत्री छन्। यसबाहेक कमिटीमा अन्य नौजना सदस्य पनि छन्।

# आगलागी हुँदा १६ वर्षीय किशोरको मृत्यु



**गान्तोक, ३० अगस्तः** पूर्व जिल्लाको जालीपुल क्षेत्रमा एउटा घरमा आगलागी हुँदा एक १६ वर्षीय किशोरको मृत्यु भएको छ। रानीपुल थानाकी जाँच अधिकारी छोमु लाचुङपाले बताएअनुसार आज दिउँसो करिब ११ बजी जालीपुलको एउटा घरमा आगलागीको सूचना प्राप्त भएको थियो। 'हामी घटनास्थलमा पुग्दा एक सूर्यमणी प्रधानको पाँच तल्ले बिल्डिङको तल्लो तल्लामा आगलागी भएको भेटायौं। हामी पुग्दा एकजना युवकलाई जलेको अवस्थामा भेटायौं। उसलाई उपचारको निम्ति हतार-हतार मणिपाल अस्पताल लग्यो तर बचाउन सकेनौं। डक्टरले पहिले नै मरिसकेको घोषणा गरे', उनले भनिन्। मृतकलाई उमेश मगरको रूपमा चिन्हित गरिएको छ।

प्राप्त जानकारीअनुसार सो कोठामा कोइरीमा मजदूर काम गर्ने एकजना बी. मगरको परिवार बस्ने गर्थ्यो। घटनाको समय उमेश मगर एक्लै थिए। अहिले नै आगलागीको कारण थाहा लाग्न नसकेको पुलिस अधिकारीले बताइन्। यस घटना सम्बन्धमा रानीपुल पुलिसले अज्ञात विरुद्ध भारतीय दण्ड संहिताको धारा ४३६ अन्तर्गत मामिला दर्ता गरेर जाँच शुरु गरेको छ।

## राज्यपालसँग अनुसूचित जाति संघको भेट

**गान्तोक, ३० अगस्त।** अखिल सिक्किम अनुसूचित जाति कल्याण संघले अध्यक्ष शेखर सेवाको अध्यक्षतामा सिक्किमका नयाँ राज्यपाल गङ्गाप्रसादसँग भेट गरी भारतको शान्ति राज्य सिक्किममा हार्दिक स्वागत जनाए। संघको तर्फबाट भेट स्वरूप राज्यपाललाई डा. भिमराव अम्बेदकरको आकृति चड़ाइयो।

भेटको क्रममा महामहिम राज्यपाललाई सिक्किममा अनुसूचित जातिले भोग्नु परिरहेको स्थितिबारे विस्तृत जानकारी संघले गराए। महामहिमले सम्बन्धित जानकारीलाई यस विषयमा चाँड़ै समाधानको निम्ति पहल गरिदिने संघलाई आश्वासन दिए।

# विस्फोटका आरोपीहरू १४ दिनको पुलिस रिमाण्डमा

**दार्जीलिङ, ३० अगस्त।** पुलिस क्याम्पमा विस्फोट आदि जस्ता मामिलाहरूमा पक्राउ परेका आरोपीहरूलाई १४ दिनको पुलिस रिमाण्डमा लिएको छ। २ अगस्त २०१७ मा रंगली-रंगलियट थानाअन्तर्गत छः माइल पुलिस थानामा विस्फोट भएको घटनामा रंगली-रंगलियट थानामा विभिन्न धाराहरूअन्तर्गत मामिला दर्ता भएको थियो अनि उक्त घटनालगायत अन्य घटनाहरूको आरोपमा पुलिसले पाँचजना आरोपीहरूलाई पक्राउ गरेको छ जसमा जोन राई,अश्वीन गुरुङ, नवराज ठकुरी, अरूण कामी र देवराज देवान रहेका सरकारी अधिवक्ता पंकज प्रसादले बताएका छन्। प्रसादले बताएअनुसार यी आरोपीहरूलाई पुलिसले सोधखोज गर्दा यिनीहरूले घटनाको सबै कुरा पुलिसलाई बताउँदै घटनामा लिप्त भएका अन्य आरोपीहरूलाई समात्न



पुलिसलाई सहयोग गर्ने अनि लुकाएर राखेका विस्फोटक सामग्रीहरू कहाँ-कहाँ छन् ती सबै स्थानहरू देखाउने र खोजी निकाल्नमा पुलिसलाई सहयोग गर्ने बताएको छन्।

पुलिसले सोधखोजमा आरोपीहरूले पुलबजार थानाअन्तर्गत हाइड्रो प्रोजेक्टबाट चोरी भएको ३ सय २५ केजी जिलोटिन स्टिकलाई विस्फोटक सामग्री बनाएर १९ जुलाई २०१७ मा कालेबुङ थानामा विस्फोट गराएको बताए। उक्त विस्फोटमा एकजना सिविक पुलिसको मृत्यु भएको अनि दुइजना पुलिसकर्मी घाइते भएका थिए। त्यसरी नै दार्जीलिङको सुपर मार्केट अघिको विस्फोट, सुके थानाअघिको विस्फोट आदि त्यही जिलोटिन स्टिकद्वारा तयार गरिएको विस्फोटक सामग्रीद्वारा नै भएको हुनसक्ने अधिवक्ता प्रसादले बताउँदै यी घटनाहरूसँग विमल गुरुङको सम्बन्ध रहेको जनाए। पक्राउ गरिएको आरोपीहरूलाई पुलिसले स्थानीय न्यायालय समक्ष प्रस्तुत गर्दै १४ दिनको पुलिस रिमाण्डको विनती गरेको थियो जसलाई न्यायाधीशले त्यसलाई स्वीकार्दै १४ दिनको पुलिस रिमाण्डमा राख्ने निर्देश दिएको अधिवक्ता प्रसादले बताए। पुलिसले यी आरोपीहरूविरुद्ध रंगली-रंगलियट थानामा १२०बी, १२१,१२१ए, १२२, ४२७ आईपीसी, युएपीए एक्ट आदि धाराहरूअनुरूप मामिला दर्ता गरेको छ।

# भाजपाले २०१९ लाई हेरेर चुनावी कसरत मात्रै गर्दैछ - विनय तामाङ

**कालेबुङ ३० अगस्त।** भारतीय जनता पार्टीले छुट्टै राज्य गोर्खाल्याण्ड बाहेक ११ जात गोष्टिलाई जनजातिको मान्यता नदिएको कार्यले उनीहरूको चरित्र उदाङ्गो भएको जीटीए बोर्ड अध्यक्ष विनय तामाङले बताएका छन्। उनले केहिदिन अघि राजीव प्रताप रूढीले छुट्टै राज्य गोर्खाल्याण्डको निम्ति सबैको सहमती हुनपर्ने अनि राज्य सरकारले पारित गरे केन्द्र सरकारले पारित गर्ने भनि दिएको बयानको पनि प्रतिक्रिया दिएका छन्। यसक्रममा उनले छुट्टै राज्य गोर्खाल्याण्ड अनि ११ जात गोष्टिलाई जनजाति बनाउने मुद्दाबारे केहिदिनभित्र भइरहेको बयानबाजी भाजपाको आगमी २०१९ को लोकसभा चुनावी कसरत मात्र रहेको उनले दाबी गरेका छन्।



एक कार्यक्रममा सहभागी बन्न कालेबुङ आइपुगेका तामाङले गत वर्ष चलेको छुट्टै राज्यको आन्दोलनको क्रममा राज्यसरकारसँग नवन्नामा बसेको सर्वदलीय वैठकमा आफुले गोर्खाल्याण्डको आवाज उठाएको दाबी गर्दै त्यसैबेला मुख्यमन्त्री ममता ब्यानर्जीले गोर्खाल्याण्ड राज्यको विषय नरहेर केन्द्रको विषय रहेको भनि स्पष्ट पारेको पनि उनले बताएका छन्। यस्तो अवस्थामा अहिले भाजपा केन्द्रिय नेता राजीव प्रताप रूढीले गोर्खाल्याण्डको निम्ति आम सहमति हुनपर्ने भन्दै राज्यले पारित गरे केन्द्रले पारित गर्नेछ भन्नु आगामी लोकसभा चुनाउलाई लिएर गरेको राजनैतिक कसरत हो भनि तामाङले बताएका छन्।

'गत वर्ष कोलकोतामा २९ अगस्त २०१७ का दिन सम्पन्न भएको सर्वदलिय वैठकमा मैले छुट्टै राज्य गोर्खाल्याण्डबारे आवाज उठाएको थिएँ। त्यसबेला राज्यकी

▶रहल पाता २-मा

## बाँदरको आक्रमणसँग कार्यालय गम्भीर

**रम्फू, ३० अगस्त।** गत शनिवारको दिन रम्फू निम्न माध्यमिक पाठशालाका कक्षा २-का एक विद्यार्थी शिवा विश्वकर्ममाथि बाँदरले गरेको प्राणघातक हमलालाई रम्फू महकुमा कार्यालयले गम्भीरतासँग लिएको छ। पाठशालापक्षबाट कार्यालयलाई लिखित जानकारी पश्चात वन विभागको वन्य प्राणी कक्षासमक्ष पत्राचार गर्दै अविलम्ब



पहल गरेर नागरिकहरूबीच सुरक्षाको माहौल पैदा गर्ने अनुरोध गऱ्यो। महकुमा अधिकारी प्रेम कमल राईद्वारा हस्ताक्षरित गरिएको पत्रमा रम्फू क्षेत्रमा बाँदरको उत्पात धेरै नै बढेर गएको र यसभन्दाअघि पनि धेरै नै सिकायत विभिन्न पक्षबाट प्राप्त भएको बताउँदै यसबारे विभागले कदम उठाउनुपर्ने स्पष्ट जरूरत महसूस गरिएको छ। ज्ञात रहोस बाँदरको उत्पातले रम्फू बजार अति नै वाक्क भइसकेका छन् भने नागरिकहरूमाथि हमला गरिएको यो पाँचौ पटक हो। सर सामानको कति बिगार गऱ्यो यसको त कुनै हिसाब छैन।

# एनआईटीको मुद्दामा शिष्टमण्डलले केन्द्रिय मन्त्री जावड़ेकरलाई भेट्यो

**नयाँ दिल्ली, ३० अगस्तः** मानव संसाधन विकास विभाग, ऊर्जा तथा विद्युत विभागका मन्त्री आरबी सुब्बाको अगुवाईमा गएको सिक्किमको एक उच्च स्तरीय प्रतिनिधि टोलीले आज नयाँ दिल्लीमा भारत सरकारको मानव संसाधन केन्द्रिय मन्त्री प्रकाश जावेड्करसित भेट गऱ्यो। सिक्किमको उक्त प्रतिनिधि टोलीमा एचआरडीडी-का अतिरिक्त मुख्य सचिव जीपी उपाध्याय अनि एनआईटी सिक्किमका निर्देशक प्रो. महेश गोविलले मन्त्री जावेड्कर अन मानव संसाधन मन्त्रालयका अतिरिक्त सचिव सुखवीर सन्धुलाई शास्त्री भवनमा भेट गरे। उक्त अवसरमा एनआईटी सिक्किम जमीन



मामिलामा अनुकूल तथा स्थायी समाधान निकाल्न एउटा बैठक डाकियो। बैठकमा मुख्यमन्त्री पवन चामलिङको डीओ लेटर ऊर्जा मन्त्री डीडी भोटियाद्वारा मन्त्री जावेड्करलाई हस्तान्तरण गरियो। केन्द्रिय मन्त्री जावेड्करले आफूले स्वयं चाँड़ै सिक्किमको भ्रमण गर्ने तथा लामो समयदेखिको मामिलालाई ध्यानमा राखेर आफूले सिक्किमको भ्रमण गर्नअघि एनआईटीको साइट निर्धारित गर्न मन्त्रालयको इम्पावर कमिटी पठाउने सिक्किमको प्रतिनिधि टोलीलाई आश्वासन दिए। यसैगरी मन्त्री जावेड्करले संस्थानको कम्प्लेक्स निर्माण गर्न अविलम्ब कोष जारी गरिने आश्वासन दिए।

# खरसाङ कलेजका विद्यार्थीहरू विरोध प्रदर्शनी

**खरसाङ, ३० अगस्त।** खरसाङ कलेजका विद्यार्थीहरूले आफ्ना विभिन्न मागलाई लिएर २८- अगस्तदेखि कलेजमा पठन-पाठन पूर्णरूपले ठप्प राखेका छन्। जानकारी अनुसार केही दिनदेखि कलेजमा कक्षा सञ्चालन भएकै छैन। गोर्खा जनमुक्ति विद्यार्थी मोर्चाको आयोजनमा कलेज गेटबाहिर विरोध प्रदर्शन भइरहेको छ। यस सम्बन्धमा गोर्खा जनमुक्ति विद्यार्थी मोर्चा, खरसाङ कलेजका युनिट अध्यक्ष शुभांकर प्रसादले बताए, कलेजमा युनियन रूम अनि कमन रूम हुनुपर्ने मागसहित कलेजका एकजना प्राध्यापकले केही विद्यार्थीहरूसित अभद्र व्यवहार गरेको आरोपमा ८ अगस्तको दिन सम्बन्धित प्राध्यापकविरूद्ध आवश्यक कार्वाही हुनुपर्ने मागमा ज्ञापन-पत्र चढ़ाइएको थियो। तर यस विषयमा कुनै आवश्यक पहल नभएको कारण कलेज नै बन्द गर्न बाध्य हुनुपऱ्यो।

अर्कोतिर, कलेजमा आज सम्पूर्ण शिक्षण-अशिक्षण कर्मचारीहरूबीच सभा सम्पन्न भएको समाचार प्राप्त भएको छ। सभामा कलेजमा चलिरहेको गतिरोध, विरोध प्रदर्शन एवं विवादलाई लिएर व्यापक चर्चा गरियो। कक्षा अवरोध गर्न चाहने विद्यार्थीहरूलाई आ-आफ्नो कक्षामा नियमित रूपमा उपस्थित हुने आह्वान गर्दै सभामा कलेजका सम्पूर्ण शिक्षण-अशिक्षण कर्मचारीहरू कलेजको मान-मर्यादा तथा आफ्ना विद्यार्थीहरूको उत्तरोत्तर प्रगतिको लागि समर्पित रहेको र सदैव रहने बताइयो। आगामी दिनहरूमा पनि कलेजको वातावरण सामान्य बनाउन सदैव प्रयासरत रहने बताइयो। सभामा कलेजका प्राचार्य डा० समीर बल सहित ४९-जना शिक्षण-अशिक्षण कर्मचारीहरू उपस्थित थिए।

# अहिले गोर्खाल्याण्डको कुरा गर्नु एनर्जी लस गर्नु मात्र हो : युवा मोर्चा

**दार्जीलिङ, ३० अगस्त।** अहिले गोर्खाल्याण्डको कुरा गरेर एनर्जी लस गर्नु मात्र रहेको गोर्खा जनमुक्ति युवा मोर्चा विनय गूटले बताएको छ। गोजयुमो महासचिव अरूण छेत्रीले गोर्खाल्याण्डको लागि अहिले सही समय नरहेको बताउँदै अहिले गोर्खाल्याण्डको कुरा गर्नको अर्थ आफ्नो एनर्जी लस्ट गर्न मात्र रहेको बताए। छेत्रीले गोर्खाल्याण्ड आइडियोलाजी रहेको बताउँदै भारतीय जनता पार्टीले दार्जीलिङका मतदाताहरूलाई गोर्खाल्याण्डको ललीपप देखाएर दुइ-दुइपल्ट दार्जीलिङ लोकसभा सीटबाट आफ्नो बनायो तर अहिलेसम्म गोर्खाल्याण्डको मुद्दामाभारतीय जनता पार्टी गम्भीर



रहेको देखिँदैन यदि भारतीय जनता पार्टी गोर्खाल्याण्डको मुद्दामा गम्भीर हुँदो हो त केन्द्रमा भाजपाको बहुमतको सरकार छ यसले चाहे गोर्खाल्याण्डको बील संसदमा प्रस्तुत गरेर चुटकीमा पारित गर्नसक्छ तर यसो गर्नको साटो भाजपाले मुद्दालाई बंगाल सरकारको काँधमा हाल्ने काम गरिरहेको भनी जनाए।

तिनले जनाएअनुसार गत २०१७ सालमा दार्जीलिङ पर्वतीय क्षेत्रमा डरलाग्दो आन्दोलन भएको थियो जसमा १०४ दिन पहाड बन्द रहेको थियो। पहाड़लाई शान्तिको लीकमा फर्काइ ल्याउन राज्य सरकारले धेरैपल्ट सर्वदलीय बैठकहरू बोलाएका थियो त्यसै अवधि २९ अगस्त २०१७ मा सम्पन्न भएको सर्वदलीय बैठकमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले गोर्खाल्याण्ड राज्य सरकारको विषय नभएर केन्द्र सरकारको विषय रहेको बताएकी

▶रहल पाता २-मा

## मल्लीका २१ परिवारले एसडीएफ त्यागेर एसआरएममा सामेल भएको दावी

**गान्तोक, ३० अगस्तः** सिक्किम राज्य मञ्च (एसआरएम)-पार्टीको एउटा सभा तादोङ पाँच माइल पार्टी कार्यालयमा सम्पन्न भयो। सभाको अध्यक्षता पार्टी अध्यक्ष आरएन चामलिङले गरेका थिए। उक्त सभाको अवसरमा मल्ली निर्वाचन क्षेत्रका जम्मा २१ परिवारले एसडीएफ पार्टी त्याग गर्दै एसआरएम पार्टीमा सामेल भएको पार्टीका महासचिव महेन्द्र खड्काद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। सामेल भएको टोलीले पार्टी अध्यक्ष समक्ष वर्तमान एसडीएफ सरकारमा भोग्नु परिरहेको स्थितिबारे अवगत गरायो। सभामा मल्ली, चालिसे निवासी कुमार

▶रहल पाता २-मा

# फेशन शो अनि मडलिङको नाउँमा ठगी र उत्पीड़नको आरोप

**सिलगढ़ी, ३० अगस्त।** फेशन शो अनि मडलिङ इभेण्ट-को नाउँमा लाखौं रुपियाँ डकार्नुको साथै प्रतियोगीहरूलाई उत्पीड़न गरिएको आरोप छ। ठगी र उत्पीड़नका शिकार हुने युवक-युवतीहरू हिमाली राज्य सिक्किम र उत्तर बंगालका विभिन्न क्षेत्रका छन्। पुलिसले आरोपको जाँच शुरू गरेको छ। सिलगढ़ीका पुलिस कमिश्नर भरतलाल मीनाले मीडियासँग भने, २६ अगस्त एउटा अभियोग पाइएको छ, जसको जाँच गरिँदैछ। पुलिस सूत्रबाट प्राप्त जानकारीअनुसार सिलगड़ीको एउटा मडलिङ अनि फेशन कम्पनीका अधिकारीहरूविरुद्ध कम्तीमा ६० जना युवक-युवतीहरूलाई पहिला सिलगढ़ी अनि पछि बिहारको कटिहार लगेर उत्पीड़न गरेको आरोप छ। युवतीहरूलाई कुटपीट गरिएको आरोप पनि छ। प्रतियोगी युवक-युवतीसँग जाने एक-दुइजना अभिभावकले घटनाको प्रतिवाद जनाउँदा तिनीहरूलाई पनि धम्काइएको आरोप छ। मातेको समय मडलिङ र फेशन कम्पनीका मुखियाहरूले एक दल सशस्त्र युवकहरू डाकेर प्रतियोगी युवक-युवती अनि अभिभावकहरूलाई कुटपीट गर्नलगायत धम्काइएको आरोप छ। प्रतियोगीहरूलाई विलासी होटलमा राख्ने वाचा गरे पनि मैला होटलमा राखेको अनि अस्वास्थ्यकर भोजन दिइएको आरोप पनि छ। यसैको प्रतिवाद गर्दा प्रतियोगी युवक-युवतीहरूलाई कुटपीट गरिएको हो। कम्पनीका मुखियाहरूले सिलगढ़ीको गुरुङबस्तीका अशेष प्रधान, गान्धीनगरका अमन विश्वकर्मा र गान्तोकका उज्ज्वल छेत्रीलाई कुटपीट

▶रहल पाता २-मा